## हलेसी तुवाचुङ नगरपालिका

स्थानीय राजपत्र

खण्डः ७ संख्याः मितिः २०८०/११/०५

भाग-२


# हलेसी तुवाचुङ नगरपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८०

**प्रस्तावना :** हलेसी तुवाचुङ नगरपालिकामा प्राविधिक जनशक्ति तथा विशेषज्ञ उत्पादन गर्ने र पढाइमा जेहेन्दार तथा मेहनती तर आर्थिक अवस्था कमजोर भएका कारण प्राविधिक शिक्षा प्राप्त गर्नबाट वञ्चित गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्य र प्रदान गरिने छात्रवृत्ति रकम लक्षित वर्गसम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट वितरण गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार ले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "हलेसी तुवाचुङ नगरपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगर प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिका को प्रमुख लाई सम्झनुपर्छ ।

ख) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिका सम्झनुपर्छ ।

ग) "छात्रवृत्ति" भन्नाले प्राविधिक विषयतर्फ डिप्लोमा वा सो भन्दा माथिको तहमा भर्ना भई अध्ययनरत जेहेन्दार, आर्थिक रुपले विपन्न, दलित विद्यार्थीलाई शैक्षिक शुल्क भुक्तानी गर्ने प्रयोजनका लागि उपलब्ध गराइने नगद सहायता रकम सम्झनु पर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अख्तियारी प्राप्त कर्मचारी सम्झनु पर्छ ।

ङ) "शिक्षा शाखा प्रमुख" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख तोकिएको कर्मचारी सम्झनु पर्छ।

च) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठित समिति सम्झनुपर्नेछ ।

**३. कार्यविधिको उद्देश्य**

क) छात्रवृत्ति वितरणको लागि पारदर्शी र स्पष्ट आधारहरु तयार पार्ने ।

ख) छात्रवृत्ति रकम लक्षित वर्गसम्म पुर्याउने ।

ग) नगर प्रमुख स्तरको निर्णय कार्यान्वयन गर्ने।

**४. छात्रवृत्ति प्रदान गरिने विषयगत क्षेत्रहरु**

क) यो कार्यविधि अन्तर्गत छात्रवृत्ति प्रदान गर्न सकिने विषयगत क्षेत्रहरु प्राविधिक शिक्षा तर्फको स्नातक तहका निम्न विषयहरु हुनेछन् ।

१) चिकित्साशास्त्रका विषयहरु
२) कृषि पशु विज्ञानका विषयहरु
३) वन वातावरण विज्ञानका विषयहरु
४) इन्जिनियरिङका विषयहरु
५) सूचना प्रविधिका विषयहरु

ख) छात्रवृत्ति प्रदान गर्नको लागि उपदफा (क) मा उल्लेख भएभन्दा अन्य विषयको पहिचान भएमा वा अन्य वियषमा छात्रवृत्ति प्रदान गर्न उपयुक्त देखिएमा छात्रवृत्ति छनौट तथा सिफारिस समितिले निर्णय गरी छात्रवृत्ति प्रदान गर्न सिफारिस गर्न सक्नेछ । तर छात्रवृत्ति प्रदान गरिने क्षेत्र प्राविधिक विषय हुनुपर्नेछ ।

ग) यस कार्यविधी वमोजिम छात्रवृत्ति प्रदान गर्दा डिप्लोमा तह र स्नातक तहका लागि मात्र छात्रवृत्ति प्रदान गर्न सकिने छ ।

घ) नगरपालिकाले वजेट विनियोजन गर्ने क्रममा नै छात्रवृत्ति प्रदान गर्ने क्षेत्र वा विषय किटान गरी वजेट विनियोजन गरेको खण्डमा सोही वमोजिमका विषयमा मात्र छात्रवृत्ति प्रदान गरिनेछ ।

**५. छात्रवृत्ति प्राप्त गर्न आवश्यक योग्यता**

यस कार्यविधि वमोजिम छात्रवृत्ति प्राप्त गर्न देहाय वमोजिमका योग्यता आवश्यक पर्नेछ ।

क) हलेसी तुवाचुङ नगरपालिकामा स्थायी वसोवास भएको ।
ख) जेहेन्दार तथा दलित विपन्न परिवारको नागरिक ।
ग) फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।
घ) प्रतिवद्दतापत्रका शर्तमा लिखित सहमति जनाएको ।
ङ) नेपालभित्र संचालित शैक्षिक संस्थामा अध्ययन गर्दै गरेको ।

**६. छात्रवृत्ति छनौट तथा सिफारिस समिति**

छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि विद्यार्थी छनौट गरी नगर कार्यपालिका कार्यालयलाई सिफारिस गर्न देहाय वमोजिमको छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछ ।

क) नगर पालिका प्रमुख – संयोजक
ख) नगरपालिका उप प्रमुख – सदस्य
ग) नगरपालिकाको सामाजिक विकास समितिका संयोजक – सदस्य
घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
ङ) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

**७. छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार**

क) छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

१) छात्रवृत्ति वितरणको लागि सूचना प्रकाशन गर्ने ।
२) निवेदक मध्येबाट छात्रवृत्ति प्रदान गरिने विद्यार्थी छनौट गर्ने ।
३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम नगर कार्यपालिका कार्यालयमा सिफारिस गरी पठाउने।
४) प्रमुख स्तरको निर्णय भई प्रदान गरिने छात्रवृत्तिमा सो वमोजिम कार्यान्वयन गर्ने गराउने ।

ख) समितिले विद्यार्थी छनौटको मापदण्ड निर्माण गरेर सोही आधारमा विद्यार्थी छनौट गर्न सक्नेछ।

ग) समितिले आफूलाई तोकिएको काम कर्तव्य र अधिकार मध्ये केही वा सबै काम कर्तव्य र अधिकार गर्न सहमतिमा कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**८. छात्रवृत्तिको लागि सूचना प्रकाशन गर्नुपर्ने**

यस कार्यविधि अन्तर्गत प्रदान गरिने छात्रवृत्ति वितरणको लागि आवेदन म्याद कम्तिमा १५ दिन राखेर सूचना सार्वजनिक गर्नुपर्नेछ ।

**९. छात्रवृत्ति प्राप्त गर्न संलग्न गर्नुपर्ने कागजातहरु**

छात्रवृत्ति लिन ईच्छुक विद्यार्थीले देहाय बमोजिमका कागजातको प्रतिलिपी सूचनामा तोकिएको मितिभित्र नगरपालिकामा पेश गर्नुपर्ने छ ।

क) अनूसची १ बमोजिमको ढाँचामा निवेदन ।
ख) शिक्षण संस्थामा भर्ना भएको प्रमाणपत्र ।
ग) नियमित हाजिरी भएको भनी शिक्षण संस्थाले प्रमाणित गरेको कागजात ।
घ) अध्ययनरत तहभन्दा एक तह मुनीको शैक्षिक योग्यताका प्रमाणपत्रहरु ।
ङ) शिक्षण संस्थाको भर्ना शुल्क, मासिक शुल्क, परिक्षा शुल्क खुल्ने कागजातहरु ।
च) अपांगताको हकमा अपांगताको प्रमाणपत्र ।

छ) द्वन्द्व पिडितको हकमा आधिकारिक निकायले जारी गरेको प्रमाणपत्र ।
ज) दलितको हकमा जिल्ला प्रशासनको दलित सिफारिस प्रमाणित सिफारिस पत्र।

**१०. छात्रवृत्ति कोष स्थापना गर्न सकिने**

क) छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले नगर कार्यपालिका कार्यालयको मातहतमा रहने गरी छुट्टै छात्रवृत्ति कोषको स्थापना गरी संचालन गर्न सकिनेछ ।
ख) कोषको संचालनको लागि नगरपालिकाको संचित कोष खाता संचालन हुने वित्तीय संस्थामा एउटा छुट्टै खाता हुनेछ ।
ग) कोषको आर्थिक कारोबार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।
घ) छात्रावृत्ति वापत रू १,००,०००।० ( अक्षरुपी एक लाख मात्र ) उपलव्ध गराउने ।
यस दफामा भएको व्यवस्था अनुसारको कोष स्थापना भई नसकेको अवस्थामा नगरपालिकाको सम्बन्धित खर्च शिर्षकको खाता बाट सोझै भुक्तानी गर्न वाधा पर्ने छैन ।

**११. कोषको आम्दानी**

छात्रवृत्ति कोषमा देहाय वमोजिमका रकमहरु जम्मा गर्न सकिनेछ ।
क) नगरपालिकाले वार्षिक वजेट मार्फत छात्रवृत्ति कोषमा विनियोजन गरेको वजेटबाट प्राप्त रकम ।
ख) नगर प्रमुखले तोकेको स्रोतबाट प्राप्त हुने रकम ।
ग) सरकारी गैर सरकारी संघसंस्था तथा अन्य दाताले लिखित घोषणा गरी कानुन वमोजिम प्रदान गर्ने रकम ।

घ) कुनै पनि विदेशी नागरिक वा नेपाली नागरिकले लिखित घोषणा गरी कानुन वमोजिम स्वेच्छिक रुपमा प्रदान गर्ने रकम ।
ङ) कोषका लागि अभियानबाट प्राप्त हुने रकम ।
च) अन्य स्रोतबाट कानुन वमोजिम प्राप्त हुने रकम ।

**१२. कोषको लेखा र लेखापरीक्षण**

क) छात्रवृत्ति कोषको आय व्ययको लेखा प्रचलित कानुन वमोजिम राख्नु पर्नेछ ।
ख) कोषको आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण सरकारी आर्थिक कारोबारको लेखापरीक्षण गर्ने विधिबाट गर्नुपर्नेछ ।

**१३. बैंक खातामा रकम जम्मा गरिने**

यस कार्यविधी अन्तर्गत प्रदान गरिने वापतको रकम सम्बन्धित शैक्षिक संस्थाको खातामा भुक्तानी गरिनेछ । (उक्त भुत्तानी बापतको रकम सम्बन्धित विद्यार्थी तथा निजको परिवार सदस्यलाई प्रदान गरिनेछ ।)

**१४. रकम अन्य प्रयोजनमा खर्च गर्न नहुने**

यस कार्यविधि मार्फत प्रदान गरिएको छात्रवृत्ति वापतको रकम प्राप्त गर्ने विद्यार्थीले शैक्षिक संस्थामा लाग्ने शुल्क तिर्ने प्रयोजनमा मात्र खर्च गर्नुपर्नेछ । अन्य प्रयोजनमा खर्च गरेको पाइएमा छात्रवृत्ति सम्झौता रद्द गरी प्रदान गरिसकिएको रकम फिर्ता गर्न लगाइने छ । यदि रकम फिर्ता नगरेमा सरकारी बाँकी सो सरह असुलउपर गरिनेछ ।

**१५. स्वयम् सेवामा लगाउन सकिने**

छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीलाई साधारण निर्वाह भत्ता दिएर नगरपालिकाले तोकेको स्थानमा नगरपालिकाको सेवाको क्षेत्रमा निश्चित समयको लागि अध्ययन विषयसँगको सम्बन्धित क्षेत्रमा निश्चित समयको लागि काम गर्न लगाउन सकिनेछ ।

**१६. विविध**

क) यस कार्यविधी जारी हुनुभन्दा अगाडी छात्रवृत्ति वितरण सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ख) यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**आज्ञाले**

कैलाश बहादुर ठकुराठी

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा

मितिः

विषयः छात्रवृत्ति सम्बन्धमा ।

श्रीमान् नगर प्रमुख ज्यू,
हलेसी तुवाचुङ नगरपालिका, दुर्छिम खेटाङ ।
महोदय,

उपरोक्त सम्बन्धमा हाल म ................................................... विद्यालय/क्याम्पसमा .......................... विषयको प्रवेश परिक्षा उत्तीर्ण गरी अध्ययनरत रहेकोमा मेरो आर्थिक अवस्था अत्यन्त न्यून भएकोले मेरो पढाइमा निरन्तरताको लागि नगरपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा तर्फको छात्रवृत्ति उपलब्ध गराइदिनुहुन अनुरोध छ। यदि मलाई छात्रवृत्ति प्रदान गरिएमा मैले अध्ययन गरिराखेको विषय उत्तीर्ण गरेपछि नगरपालिकाको शर्तअनुसारको स्थानमा सेवा गर्न समेत मन्जुर हुनेछु ।

निवेदकको
दस्तखत :
नाम :
ठेगानाः
मिति :
सम्पर्क नं.: